**नेपाल सरकार**

**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**बुद्धनगर, काठमाडौं**

## दायित्व फरफारक गर्नेसम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मितिः २०८२/१२/१०**

नेपाल सरकार (भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय) बाट सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि यस समितिको मातहतमा आएका तपसिलबमोजिमका सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारी र जमानीहरूलाई कार्यालयको वेबसाइट र राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन तथा फोनलगायतका माध्यमबाट पटक पटक जानकारी गराउँदा पनि हालसम्म ऋण चुक्ता गर्न बाँकी रहेका ऋणीहरूले बुझाउनुपर्ने ऋणको साँवा, व्याज तथा हर्जानासमेत नबुझाएको हुँदा मिति २०८२ चैत्र मसान्तभित्र यस समितिको कार्यालय बुद्धनगर, काठमाडौंमा आई आफ्नो हरहिसाब गरी रकम बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उक्त मितिभित्र ऋण चुक्ता गर्न नआएमा मिति २०८३ वैशाख १ गतेदेखि ऋणीहरूको ऋण रकम गणना गर्दा ऋण तिर्दाको अघिल्लो दिनसम्मको अवधि कायम गरी समितिको कार्यविधिअनुसार सम्पूर्ण साँवा, व्याज र हर्जानासमेत तिर्नुपर्ने बेहोरा समितिको मिति २०८२/१२/०६ को निर्णयानुसार जानकारी गराइन्छ। हाल छुट सुविधाको उपयोग गरी समयमै दायित्व फरफारक गर्नु हुन अन्यथा सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासहित सम्बन्धित ऋणी तथा जमानीहरूको जानकारी तथा कारवाहीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | सहकारी संस्थाको नाम |
|---|---|
| १. | श्री आइडल यमुना हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड<br>(संस्थामा समायोजित संस्थाहरूः घेदुङ्ग बहुउद्देश्यीय सहकारी संस्था लि., नागरिक कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि., आइडल यमुना बहुउद्देश्यीय सहकारी संस्था लि., तपाई हाम्रो बहुउद्देश्यीय सहकारी संस्था लि. र हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्था लि.) |